आस्था प्रकाशन प्रा. लि.को निमित्त

सम्पादक	:	किशोर श्रेष्ठ
प्रबन्ध सम्पादक	:	राजेन्द्र स्थापित
सह-सम्पादक	:	विश्वमणि सुवेदी
कार्यालय	:	डिल्लीबजार, काठमाडौं,
		फोन : ४४४२५५२, फ्याक्स : ४४३५७५४
इमेल	:	jana.aastha@gmail.com
वेबसाइट	:	www.janaaasthanews.com.np
मुद्रण	:	सुजल अफसेट प्रेस, बागबजार, फोन : ४२३३४५९

सम्पादकीय

नामै गुप्त, कामै गुप्त- सही सूचना लुप्त

जतिसुकै तर्किए पनि, दायाँ र बायाँ फर्किए पनि सुरक्षा, रोटी, बेटी र पानीले जोड्ने नाता न हो, भारतले नेपाललाई बेवास्ता गर्नै सक्दैन । पछिल्लो उदाहरण हो, कार्यभार सम्हालेको २४ सै दिनमा भारतीय गुप्तचर प्रमुखले पहिलो विदेश भ्रमणका रुपमा नेपाल रोज्नु ।

'र' प्रमुख सामन्त गोयल सत्तारुढ दुवै र प्रमुख प्रतिपक्षका एकल अध्यक्षलाई भेटेर सोमबार २ बजे दिउँसो नेपाल वायुसेवाको उडान नं. आरए२१७ बाट स्वदेश फर्किएका छन् । उता दिल्लीस्थित नेपाली राजदूत नीलाम्बर आचार्यले विदेशमन्त्री एस.जयशंकरसँग शिष्टाचार भेट मागदासमेत दिइएको छैन । इपिजी प्रतिवेदन तयार भएर थन्किएको नौ महिना कटिसक्यो, प्रधानमन्त्री मोदीले प्रतिवेदन बुझ्न समय दिनुभएको छैन । तर, 'र' का प्रमुख २४ सै दिनमा नेपाल आउनुले नेपालप्रति भारतको चासो उत्तिकै छ भन्ने जनाउँछ । सँगसँगै यसबीच भएका बेग्लाबेग्लै भेटघाटले संशय, शंकाको वातावरण जन्माउने खतरा रहन्छ । यद्यपि, तर्सिहाल्नुपर्ने कुरा खासै देखिँदैन । यस्ताखाले संस्थाले 'अण्डरकभर', अर्थात्, अर्कै भेषमा काम फत्ये गर्छन्, आफ्नै प्रविधि र जनशक्तिमार्फत कार्यसम्पादन गरिरहेका हुन्छन् । यही मेसोमा नेकपाभित्र केही विवाद चलिरहेको छ । 'र' प्रमुखको भ्रमणलाई यताबाट पनि जोडेर हेर्ने गरिन्छ ।

हालका स्टेशन म्यानेजर अभिजित हल्दरको तर्फबाट दूतावासमा आइतबार बेलुका ७ बजेदेखि डाकिएको रात्रिभोजमा पूर्वप्रधानमन्त्री तथा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता शेरबहादुर देउवाको सहभागिता रह्यो । भोलिपल्ट सोमबार बिहान ८.३० देखि ९.४० सम्म नेकपा अध्यक्ष प्रचण्डको खुमलटारस्थित निवासमा भेट भयो । उक्त भेटलगत्तै राजदूत मञ्जिवसिंह पुरीले हायात होटल पुगेर १०:२० देखि ११:४५ सम्म 'र' प्रमुखलाई ब्रिफिङ दिए । उक्त भेटमा पहिला विवेक जोहरी नेपालको निम्ति स्टेशन म्यानेजर हुँदाका सेकेण्डम्यान अरुण जैन, शशिभूषण सिंहसहित थिए । शनिबार बेलुका ६:२० मा 'र' को टोली नेपाल छिऱ्यो र लगत्तै प्रधानमन्त्रीसँग संगै खान रहर गऱ्यो । यस्ता भेटघाटले आशंका जन्माउने कुरा त छँदैछन् । तर, आफ्नो थैली बलियो छ भने बाहिर जसले जे प्रचार गरे पनि, फाटो देखाउन खोजे पनि सम्भव हुँदैन । नेपालले अख्तियार गरेको नीतिअनुसार कुनै पनि विदेशी भेट्दा परराष्ट्रको च्यानल प्रयोग गर्नुपर्छ र उसका प्रतिनिधिलाई साथै राख्नुपर्छ । तर, त्यसको परिभाषा अधुरो भएको हो या कूटनीतिक नियोगका अधिकारी भेट्दा मात्र यस्तो नीति अख्तियार गरिने हो ? किनभने, भारतीय गुप्तचर संस्थाका प्रमुख कूटनीतिक नियोगका अधिकारी हैनन् । नामै गुप्त, कामै गुप्त । तर देशवासीले यस्ता भेटवार्तासम्बन्धी जानकारी मागे भने बताउने कसले ?

मन्त्री धेरै पाएर मात्र के गर्नु ?

गुल्मीमा साविकको ३ नं., हालः २ नं. क्षेत्रका कतिपय वडामा अझै पनि बिजुली छैन । जनता टुकीको भरमा छन् । छिमेकी जिल्ला प्यूठानको सीमाक्षेत्र सौतामारे, बाङ्गे, फेदीतिर पन्ध्र वर्ष पहिले नै बिजुली बलेको हो । प्युठानीले झिम्रुक जलविद्युत आयोजनामा आफ्नो सहभागिता जनाउँदै सरकारलाई समर्थन गरे । जसका कारण प्यूठानले समयमै बिजुली पायो । तर त्यही छिमेकी जिल्लाको बिजुली पछि खुला राजनीतिमा आएर जनप्रतिनिधि भएका टोपबहादुर रायमाझीले अर्घाखाँचीका कतिपय ठाउँमा लगेर बालेर बहुचर्चित सालझण्डी-ढोरपाटन सडकखण्ड पनि उनकै पहलमा परे । धमाधम निर्माण भइरहेको छ । जुन सम्पन्न हुँदा बाग्लुङको ढोरपाटनसम्म छिटो यात्रा हुनुका साथै यसले गुल्मीको पश्चिम भेगका पुर्कोट, बाँझकटेरीदेखि अर्खबाङसम्मको यात्रा सहज र सुलभ भएको छ । समायोजनपछि दुईवटा निर्वाचन क्षेत्र कायम भएको गुल्मीमा दशवटा गाउँपालिका र दुईवटा नगरपालिका गरी बाह्रवटा स्थानीय तह छन् ।

काँग्रेस सचिव खिलध्वज पन्थीले २०७० सालदेखि पूर्वाधार, सडक निर्माणका काममा जोड गर्न सामाजिक सुरक्षा तथा श्रम रोजगार मन्त्री गोकर्ण बिष्टलाई दबाब दिइरहेका बेला नेकपाको वर्चस्व रहेको उनको क्षेत्रका मुसिकोट नगरपालिका र धुर्कोट गाउँपालिकामा बाहेक अन्यत्र बेथितीले सीमा नाघेको छ । सदरमुकाम तम्घासलाई समेटेको रेसुङ्गा नगरपालिकामा तत्कालिन एमालेका तर्फबाट विजयी व्यापारिक पृष्ठभूमिबाट आएका डिल्लिराज भुसालको काम गर्ने ढङ्ग नपुग्दा सर्वत्र आलोचना भएको छ । रेसुङ्गाजस्तो पवित्र स्थलमा फोहोर प्रशोधन केन्द्र बनाउने प्रस्तावले झनै विवाद निम्त्याएको छ । स्थानीय तहमा कर्मचारी प्रशासन हावी हुँदा प्रमुख प्रशासकीय अधिकृत र लेखापाल मालामाल भएका छन् भने उनीहरूले गाउँपालिकाबाट उपभोक्तासँग सीधा सम्झौता गरी काम गर्दा वडाका जनप्रतिनिधि रबर स्टाम्प जस्तै भएका छन् । यतिसम्म कि अनुगमनमा समेत कर्मचारी प्रशासनले बाधा पुऱ्याउने गरेको जनप्रतिनिधिको गुनासो छ ।

मालिका गाउँपालिकाका महिलाहरूको लागि प्रयोग हुने सेनेटरी प्याड खरिदमा वास्तविक खर्च पन्चानब्बे हजार भएकोमा त्यसको शिर्षक पाँच लाख बनाएर अनियमितता गरिएको छ । यसअघिका प्रमुख प्रशासकीय अधिकृत लेखनाथ पोखेलले लाखौं रकम हिनामिना गरेर काठमाण्डौमा बन्दोबस्त मिलाएको चर्चा सेलाएको छैन भने उनका बिरुद्ध बुटवल अख्तियारमा उजुरीसमेत परेको छ । इस्मा, मालिका र धुर्कोट गाँउपालिकाअन्तर्गत पर्ने अल्छिङ्ग, छल्दी तटबन्धमा पनि लाखौं रकम हिनामिना भएको छ । छल्दीमा विभिन्न किस्ता गरी एक करोड रुपैयाँ परेको थियो । सदरमुकाम तम्घासमा अर्जुन आवासीय बोर्डिङ्ग स्कुल चलाएका दानबाहादुर केसीले नेतृत्व गरेको मदाने गाउँपालिकाले पनि परिणाममुखी काम गर्न सकेको छैन । एक बर्षअगाडि राजपत्रमा प्रकाशन गरी लागु गर्नुपर्ने शिक्षा ऐन अहिलेसम्म बन्न सकेको छैन । यो बनेर लागु नहुँदा सामुदायिक विद्यालय सुधारका कार्यक्रम अहिलेसम्म अलपत्र परेका छन् । सुन्तला, कागती, अदुवाजस्ता उत्पादन हुने सम्भावित ठाउँहरूको पहिचान नगर्दा अनुदानको रकम सदुपयोग हुन नसकेको कृषकहरूको आरोप छ । गापाको पैसाबाट एम्बुलेन्स किनेर आफूले भाडाको गाडी चढेको बताउने गरिन्छ । बिष्टकै सहोदर दाजु लक्ष्मण नेतृत्वको इस्मा गाउँपालिकामा पनि भद्रगोल छ । वडा नम्बर तीन दर्लामचौरमा सभाहल निर्माणका लागि वडाध्यक्ष तोयनाथ सापकोटाका ज्वाँई बिष्णु अधिकारीलाई ठेक्का सुम्पिएर असार लागेको बाइस दिनमा काम गरेजस्तो गरी साठी लाख सकाइएको छ ।

ट्रम्प, सेलिब्रिटी ओमार र अमेरिका !

अमेरिकालाई कतै प्रतिकात्मक हिसाबले प्रस्तुत गर्नुपऱ्यो भने स्ट्याचु अफ लिबर्टीको प्रयोग गरिन्छ । सिक्रीले बाँधिएकी नारी बन्धनबाट मुक्त भएर हिँड्न लागेको आकृति लिबर्टीको विशेषता हो । मूर्तिमा देखिने नारीले दायाँ हात टाउको भन्दा माथि उठाएकी छन् र हातमा बल्दै गरेको टुकी लिएकी छन् । उनले बायाँ हातमा रोमन अंकमा १७७६, जुलाई ४ खोपिएको वस्तु समातेकी छन् । त्यसदिन अमेरिका बेलायती उपनिवेशबाट मुक्त भएको थियो । न्युयोर्कको म्यानह्याटनस्थित टापुमा सो मूर्ति सन् १८८६ मा प्रतिस्थापन गरिएको थियो । मूर्ति फ्रान्सेली जनताले उपहारस्वरूप पठाएका थिए । फ्रान्सका हजारौं जनताबाट सुका-सुका जम्मा गरेर कलाकार फ्रेड्रिक अगस्ट बार्थोडीले उक्त मूर्ति बनाएका हुन् ।

रोमन किंवदन्तीमा स्वतन्त्रताकी देवीको आकृतिलाई आधार मानी सो मूर्ति निर्माण गरिएको बताइन्छ । देवीको आकृतिलाई आधार माने पनि बार्थोडीले मुहारचाहिँ काटीकुटी आफ्नै आमाको जस्तो बनाइदिए । पुत्रधर्म निर्वाह गर्ने योभन्दा उपयुक्त साइत उनका लागि सायदै कुनै अर्को हुन्थ्यो । मूर्तिको आकृति रोमन देवीसँग मिलोस् कि मुहार बार्थोडीकी आमासँग, कुरा प्रस्ट छ- स्ट्याचु अफ लिबर्टीको आकृति र मुहारसँग अमेरिकाको जन्मजात साइनो छैन । म्यानह्याटनमा १५० वर्ष यता ठिंग उभिइराखेको मूर्ति आप्रवासी हो तैपनि अमेरिकाको प्रतीक हो ।

अमेरिकालाई आप्रवासीको देश मानिन्छ । इटालीका किष्ट्रोफर कोलम्बसले सन् १४९२ मा पत्ता लगाएसँगै अमेरिकामा युरोपियनको बसाइँसराइ चल्यो । प्रकृतिका पुजारी रैथाने अमेरिकनहरूको तुलनामा बसाइँसराइ गरेर अमेरिकन भएका युरोपियन नै अमेरिकाको सत्ता र शक्तिमा हावी भए । डोनाल्ड ट्रम्पलाई उदाहरणका रूपमा लिन सकिन्छ । आप्रवासीलाई बेलाबखत कटाक्ष गरेर चर्चामा आइरहने वर्तमान राष्ट्रपति ट्रम्प आफैँपनि आप्रवासीका सन्तान हुन् । उनकी आमा म्यारी स्कटल्याण्डबाट आएकी थिइन् । बुबापट्टिका हजुरबुबा र आमा दुवै जर्मन आप्रवासी हुन् । तीन पत्नीमध्ये दुई आप्रवासी हुन् । जेठी इभाना चेकोस्लोभाकियाकी हुन् । ट्रम्पसँग विवाह गरेपछि उनले अमेरिकाको अंगीकृत नागरिकता प्राप्त गरेकी थिइन् । अमेरिकाको प्रथम महिलासमेत रहेकी कान्छी तथा बहालवाला श्रीमती मेलानिया युगोस्लाभियाकी हुन् । उनले नागरिकता लिएको केही वर्ष मात्र भयो ।

आप्रवासीको छोरो, आप्रवासीको पति भए पनि ट्रम्प आफूलाई अमेरिकन आदिवासी अर्थात् रेड इण्डियनभन्दा बढ्दा आदिवासीझैं प्रस्तुत गरिरहेका छन् । हुँदाहुँदा जन्मजात अमेरिकी संघीय संसद् सदस्यलाई समेत आफ्नै देश फर्कन सुझाव दिएका छन् ।

अमेरिकाको संघीय संसद्का बहालवाला चार महिला सांसदबारे ट्रम्पले गरेको ट्विट र टिप्पणीका कारण विश्वभर तरंग पैदा भएको छ । म्यासाच्युसेट राज्यकी आयना प्रेस्ली, न्युयोर्ककी अलेक्जेन्ड्रिया ओकासिया कार्टेज, मिचिगनकी रशिदा हर्बी टालिब र मिनेसोटाकी

नारायण पौडेल

इल्हान ओमारलाई राष्ट्रपति ट्रम्पले अमेरिका मन नपरे आफ्नै देश फर्कन सुझाएका हुन् । अमेरिकाको संघीय सांसद रहेका उनीहरूमध्ये तीनजना जन्मजात अमेरिकी हुन् भने ओमार सोमालियाबाट बाल्यकालमा आएकी हुन् । यी चार जनामध्ये पनि ट्रम्पले ओमारको नामै किटेर आलोचना गर्दै आएका छन् । ट्रम्प उनीमाथि अलकायदाको प्रशंसक रहेको बात लगाउँ छन् । भलै, सो आरोपको पुष्टि गर्न सकेका छैनन् । आफ्नै देश फर्की जाऊ भन्ने विवादास्पद अभिव्यक्तिप्रति संसद्को तल्लो सदनले खेद प्रस्ताव पारित गरेको छ ।

संसारकै सर्वशक्तिमान व्यक्ति ट्रम्पको एकपछि अर्को ट्विटे आक्रमणका कारण ओमारको परिचय विश्वव्यापी बनेको छ । २ वर्ष अघिसम्म खासै चर्चामा नरहेकी उनी अहिले अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका लागि हट केक बनेकी छन् । उनका दैनिक गतिविधि र यात्राबारे विशेष सामग्री प्रकाशन तथा प्रसारण हुन थालेका छन् । क्यानडा, जर्मनीलगायत देशका सरकार तथा राष्ट्रप्रमुखले ट्रम्प-अभिव्यक्ति अस्वाभाविक भन्दै ओमार-समूहप्रति ऐक्यबद्धता जनाएका छन् । हेर्दाहेर्दै ओमार अन्तर्राष्ट्रिय सेलिब्रेटी बनेकी छन् ।

को हुन् ओमार ?
तिमी मलाई तिम्रा शब्द बाँण प्रहार गर्न सक्छौ
तिमी मलाई तिम्रा आँखाले छेदन गर्न सक्छौ
तिमी मलाई तिम्रो घृणाले मार्न सक्छौ,
तैपनि, म फेरि उठ्नेछु, हावासरी !

ट्रम्पको पछिल्लो ट्विट आक्रमण र ट्रम्प समर्थकको 'फर्की जाऊ ओमार' भन्ने नाराबाजीको जवाफमा ओमारले माया अंगेलु रचित कविताको यो अंश ट्विट गरिन् । कवितामा भनिएझैं इल्हान अबदुल्लाही ओमार ट्रम्पको निशानामा परेसँगै हावासरी विश्वभरि परिचित भएकी छन् ।

अमेरिकी राजनीतिमा उनको उदय केही कीर्तिमानसहित भएको छ । उनी अमेरिकाको संघीय सांसद बन्ने पहिलो सोमाली-अमेरिकन हुन् । साँसद निर्वाचित हुने पहिलो अंगीकृत अफ्रिकन अमेरिकनको रेकर्ड पनि ओमारको पोल्टामा परेको छ । मिनेसोटा राज्यबाट सांसद निर्वाचित हुने पहिलो अस्वेत महिला पनि उनै हुन् । इतिहासमै पहिलो पटक सन् २०१९ मा मुस्लिम महिला अमेरिकाको सांसद बने । ती दुई मुस्लिममध्ये एक हुन् ओमार । प्यालेस्टाइनी मूलकी रशिदा हर्बी तालिब मुस्लिम भए पनि परम्परागत हिजाव लगाउँदिनन् । तर, ओमारको राष्ट्रिय राजनीतिमा व्यापक परिचय हिजावका कारण पनि स्थापित भयो । अमेरिकी संसद्को १८१ बर्षे इतिहासमा संसदभित्र टोपी वा टाउको ढाक्ने गरी केही लगाउन पाइन्नथ्यो । संसद्मा ओमारको आवागमनसँगै सो नियम परिमार्जन गरियो । धार्मिक आस्थाका आधारमा लगाइने हिजावजस्ता पहिरनलाई फुकुवा गरियो । अमेरिकी संसद्भित्र टाउको छोपेर प्रवेश गर्ने पहिलो सांसद्को रूपमा ओमारको नाम अंकित भयो । सबैभन्दा फराकिलो मत अन्तरले बिजयी हुने साँसदका रूपमा पनि अमेरिकी राजनीतिक इतिहासमा ओमारको नाम लेखिएको छ ।

उमेरले ३६ पुगेकी ओमारको यो राजनीतिक छलाङ कथात्मक चलचित्रको जस्तो देखिन्छ । सन १९८२ मा सोमालियामा जन्मिएकी उनी शरणार्थीका रुपमा केन्या हुँदै १२ वर्षको उमेरमा अमेरिका प्रवेश गरेकी थिइन् । अमेरिका प्रवेश गरेको २३ वर्षमै ओमार अमेरिकी राजनीतिको केन्द्रीय पात्रमा दरिएकी छन् । स्पष्ट वक्ता ओमार परम्परागत कतिपय अमेरिकी मान्यताको कटु आलोचक रहँदै आएकी छन् ।

अरू देशमा सैन्य क्याम्प खडा गर्दैमा अमेरिका शक्तिशाली र सुरक्षित रहन नसक्ने उनको मान्यता छ । उनी अनावश्यक सैन्य ब्यारेक राख्न खर्च गर्नुको साटो शिक्षामा लगानी गर्नुपर्ने तर्क गर्छिन् । ट्रम्प प्रशासनले कागजातविहीन आप्रवासीलाई कडाइ गरिरहँदा उनी अमेरिकाभित्र रहेका कागजातविहीनले पनि सहज स्वास्थ्य सेवा पाउनुपर्ने तर्क गर्छिन् । निःसर्त स्वास्थ्य सेवा ओमारको नीति हो । ओमार आप्रवासनसम्बन्धी अमेरिकी नीतिको आलोचक रहँदै आएकी छन् ।

अमेरिकाले प्यालेस्टाइनको अस्तित्वबारे भूमिका निर्वाह गर्न नसकेको ओमारको ठम्याइ छ । उनी प्यालेस्टाइनप्रति इजरायली नीतिको कटु आलोचक हुन् । अमेरिकाको मानवअधिकारसम्बन्धी धारणा सन्तुलित नभएको ओमारको निश्कर्ष छ । आफू पक्षधरले मानवअधिकारको गम्भीर उल्लंघन गर्दासमेत अमेरिकी सेना र सत्ताले आँखा चिम्लेको भनी ओमारले संसदीय सुनुवाइमा व्यक्त गरेको विचारले उनीप्रति धेरैको ध्यान तानेको थियो । एल साल्भाडोर, ग्वाटेमाला र निकारागुवामा अमेरिकी समर्थक समूहले गरेको नरसंहारप्रति अमेरिकी सेना मुकदर्शक बनेको सन्दर्भ ओमारले संसद्मा उठाइदिएकी थिइन् । भेनेजुयलाका बहालवाला राष्ट्रपतिलाई अवैध घोषणा गर्ने ट्रम्प नीतिको पनि ओमार आलोचक हुन् । अर्को देशको आन्तरिक मामिलामा अमेरिकाले हस्तक्षेप गर्न नहुने ओमारको तर्क छ । अरूको देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्नका लागि गरिने खर्च शिक्षा क्षेत्रमा लगाए सबै अमेरिकनलाई निःशुल्क शिक्षा दिलाउन सकिने ओमारको विश्वास छ । पढ्नका लागि लिइएको शैक्षिक ऋण मिनाह गर्ने ओमारको नीतिका कारण पनि उनीप्रति युवावयको चासो बढेको छ । ट्रम्पको बोर्डर वाल अर्थात् सीमा क्षेत्रमा पर्खाल लगाउने नीतिलाई ओमारले पैसाको सत्यानाशका रूपमा अर्थ्याउने गरेकी छन् ।

अर्थात्, ओमार अमेरिकाको राजनीतिमा बागी बनेर उदाएकी छन् । अमेरिकामा आप्रवासीका लागि अथाह अवसर छ भन्ने उदाहरण पनि ओमार बनेकी छन् । आप्रवासीको उदय र आवाजप्रति रंगभेदी तप्का कति असहिष्णु छ भन्ने बुझाउन पनि ओमारको राजनीतिक यात्रा काफी जानकारीमूलक देखिन्छ ।

शहरभित्र

सुरेश

हेड सर हुने होड

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टीभित्र पदको विवाद छ । त्यो पनि कस्तो पद ? स्कुल विभागको पद । सबैलाई स्कुल नै चाहिने । अर्थात् स्कुलको प्रिन्सिपल हुनुपर्ने । नेपाल कम्युनिष्ट पार्टी भनेको राजनीतिक पार्टी हो । पार्टीका नेताहरूलाई प्रिन्सिपल हुने यो के रहर होला ? खासगरी अहिले दुई जना मास्टरबीच यो होड चलिरहेको छ । पार्टीको प्रिन्सिपल हुने होड ।

प्रिन्सिपल भएपछि शिक्षकलाई तह लगाउन सकिन्छ । विद्यार्थी त उसै पनि तह लाग्ने भइहाले । विद्यार्थी र शिक्षक तह लगाउन पनि मास्टरबीच प्रिन्सिपल बन्ने होड चलिरहेको छ ।

नेपालमा सबैभन्दा राम्रो चल्ने व्यवसाय भनेकै स्कुल हो । स्कुल चलाउने व्यवसायी एकसेएक कमाउने भइसकेका छन् । त्यसैले अहिले शिक्षाविद् मात्र होइन जग्गा व्यवसायी, ट्याक्सी व्यवसायी, बस व्यवसायी, मिडिया व्यवसायी आदिसमेत स्कुल व्यवसायमा लागिरहेका छन् । अब त स्थिति यस्तो भयो कि एउटा राजनीतिक पार्टीभित्र पनि स्कुलमोह तीव्र भइसकेको छ । नेताहरूसमेत प्रिन्सिपल हुने होडमा छन् । अहिले कमाउने कोही छन् भने ती सर र हेडसर मात्रै हुन् । शायद त्यही भएर पार्टीमा पनि हेड सर हुने होड चलिरहेको हो कि ?

साँच्चैको कथा कि फिल्मको ?

निर्माता छवि ओझा र कलाकार शिल्पा पोखरेलबीचको झगडा सबैभन्दा चर्चाको विषय बनेको छ । यो चर्चाकै बीच घटनामा अर्को ट्विस्ट आइदियो । छविकी पहिली श्रीमतीले बहुविवाहको आरोप लगाई मुद्दा दायर गरिन् । त्यो पनि त्यस्ती महिलाउपर जो आफैं छविलाई छाडेर जाँदै छिन् ।

अब घटना के हुन्छ ? त्यसैमा चासो भएको छ । पहिली श्रीमती साँच्चै छविकी श्रीमती नै हुन् ? हुन् भने उनले गीताञ्जली सुनुवार र रेखा थापामाथि किन मुद्दा हालिनन् ? अब छविलाई छाडेर जान लागेकी शिल्पामाथि यो मुद्दा लाग्छ कि लाग्दैन ? लाग्छ भने कसरी ? लाग्दैन भने कसरी ? यो त बडा पेचिलो स्थिति पो आइदियो । हैन यो निर्माता-निर्देशक छवि ओझाको घरको साँच्चैको कथा हो कि उहाँले बनाउन लागिरहेको कुनै नयाँ फिल्मको स्क्रिप्ट ?

देउवाको फोन ट्याप

कांग्रेस सभापति शेरबहादुर देउवा अहिले फोनको कारणले हैरान हुनुभएको छ । किनभने सरकारले उहाँको फोन ट्याप गर्न खोजेको रहेछ ! उहाँ आफैंले भर्खर यसको जानकारी दिनुभयो । उहाँ यो देशको एक छायाँ प्रधानमन्त्री हुनुहुन्छ । छायाँ प्रधानमन्त्रीको फोन ट्याप गर्नुहुन्छ ? छायाँ प्रधानमन्त्रीको फोन ट्याप हुन्छ भने प्रधानमन्त्रीको फोन पनि ट्याप हुन्छ होला नि ! कस्तो देश हो यो ? प्रधानमन्त्री, छायाँ प्रधानमन्त्रीजस्तो मान्छेको फोनसमेत ट्याप भइरहेको छ । अब त फोनमा कुरा गर्नु डरलाग्दो भइसकेको छ । सरकारले एउटा कानुन ल्याउँदै छ । जसअनुसार फोनमा गाली गर्न पाइँदैन । फोनमा गाली गऱ्यो भने १५ लाखसम्म जरिवाना लाग्ने हुन्छ । एक वर्ष कैद । फोनमा गाली गरे कडा जरिवाना । सायद उहाँले फोनमा कसैलाई गाली गर्नुभयो वा गर्नुभएन त्यो बुझ्न पो ट्याप गर्न लागिएको हो कि ?

सबैलाई थाहा छ, देउवाजीले बोल्नुभएको बुझ्नै गाह्रो छ । फोनमा सीधा कुरा गरेको बुझ्न झनै गाह्रो । मायाले बोलेको हो कि गाली गरेको, थाहा पाउनै मुस्किल । यस्तो अवस्थामा उहाँले साँच्चै गर्नुभएको के हो, त्यो बुझ्न त ट्याप गर्नुबाहेक अर्को उपाय छैन ।

दिउँसै मन्त्रालयमा मदिरा दन्काउँदा

मोजमस्ती र रामरमिताको कारण सधैँ विवादमा पर्दै आएका नेपाल सरकारका सचिव मनोज घिमिरे १ नम्बर प्रदेश सरकारबाट पनि कारबाहीमा परेका छन् । मुख्यमन्त्री शेरधन राई मातहत रहेको भौतिक पूर्वाधार तथा विकास मन्त्रालयका सचिव घिमिरेलाई दिउँसो रक्सी पिएर उत्पात मच्चाएको र आर्थिक वर्षको अन्तमा ठेकेदार र कर्मचारीसँग अवैध असुली गरेको सूचना आएपछि प्रदेश सरकारको आग्रहमा संघीय सरकार मातहत खानेपानी मन्त्रालयमा सरुवा गरिएको छ । यही असोजमा अवकाश हुन लागेका घिमिरेले आफ्नो क्वार्टरमा बोलाएर ठेक्कापट्टा र कर्मचारी सरुवा बढुवाको बहानामा ५ हजार पनि नछाडी असुली गरेका थिए । यति मात्र हैन घरधनीलाई दिउँसै रक्सी खाएर हल्ला नगर्नु भन्दा 'तेरो घरको मोल कति हो भन् अहिले नै खनखनी गनिदिन्छु' भन्दै धम्क्याएका थिए । पहिले विराटनगर बस्ने घिमिरेलाई तत्काल उपमहानगरपालिकामा काम गर्दा रक्सी पिएपछि साँझ विराटनगरका चौडा सडक पनि साँघुरो हुने गर्थ्यो ।

सुनसरीको इटहरीस्थित यातायात व्यवस्था कार्यालयका प्रमुख भीम गौतमले पनि घुस लिएको खुलेपछि उनलाई मुख्यमन्त्रीको कार्यालयमा झिकाइएको छ । ३० असारमा प्रदेश सरकारमातहत भोजपुरस्थित जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुख मोहनबाबु यादव १ लाख ८० हजारसहित रंगेहात पक्राउ परेका थिए । यसरी कार्यालय प्रमुख र मन्त्रालयका सचिवले नै आचरणविपरीत काम गर्न थालेपछि मुख्यमन्त्री शेरधन राईलाई यिनले सबैभन्दा गन्हाउने प्रदेश पो बनाइदिने हुन् कि भन्ने चिन्ता पलाएको छ । यसैले प्रदेश सरकार बनेको डेढ वर्षपछि पहिलोपल्ट ६ साउनमा आफ्नै कर्मचारीको आकस्मिक बैठक डाकेर आचारविपत काम गर्नेलाई कडा कारबाही गर्न बाध्य हुने चेतावनी दिँदै सबैको सातो लिएका छन् । माथि पठाउनुपर्छ भन्दै घुस माग्ने गरेको जानकारी पाएका मुख्यमन्त्रीले कर्मचारीलाई चेतावनी दिँदै भने, 'माथि भनेको कहाँ हो, को छ त्यसरी घुस लिने ?'

प्रदेशका प्रमुखसचिव सुरेश अधिकारीले कार्यालय प्रमुखहरू घुससहित समातिनु, छापा मारिनु लज्जास्पद भएको बताए । अधिकारीले भने, 'सबै कर्मचारीको सयमा सय नम्बर आउने तर कार्यालयको प्रगति भने ४० प्रतिशत मात्रै हुने यो मिल्ने विषय होइन, यसैले अब मूल्यांकनलाई नै पुनर्मूल्यांकन गर्नुपर्ने बाध्यता आइपरेको छ ।' *- गणेश लम्सालबाट*

चलाख भएछन् विप्लवका चेलाहरू

के विप्लवका नेता-कार्यकर्ताले दश हजार रकमको अभावमा कारागार बस्नुपर्ने अवस्था आएको हो ? समानान्तर सत्ता चलाएको, बेला बेला सरकारलाई युद्ध या प्रतिकारको हुंकार दिने पार्टीमा कार्यकर्ता छुटाउने कोही भएनन् ? तर, रुकुम पश्चिममा विप्लवका ४ नेता धरौटी बुझाउन नसकेर जेल चलान भएका छन् ।

सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकताविरुद्धको कसुर(अभद्र व्यवहार) को मुद्दा खेपिरहेका यी चारै जनामाथि फौजदारी प्रकृतिको मुद्दामा प्रहरी निरीक्षक नवीन थापा समेतको प्रतिवेदनमार्फत जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिमबाट प्रतिव्यक्ति दश/दश हजार धरौटी तोकिएको थियो । उक्त रकम बुझाउँदैमा छुटकारा पाउने अवस्था थिएन । प्राप्त जानकारीअनुसार धरौटीमा छाडिए पनि कुनै अर्को अभियोग लगाएर अर्को जिल्ला पठाउने आदेश माथिल्लो निकायको थियो । प्रवक्ता प्रकाण्डलाई जस्तै एक कारागारबाट अर्को जिल्ला पठाउने आदेशको सुइँको पाएका तिनले धरौटी बुझाउन नसकेको बताएका हुन् ।

कारागार चलान हुनेमा राप्ती ब्युरो सदस्य आठबिसकोट नगरपालिका ११ निवासी ४१ वर्षीय गोर्खे कामी (गम्भीर सिर्पाली), त्रिवेणी गाउँपालिका सेक्रेटरी समेत रहेका रुकुम पश्चिम त्रिवेणी गाउँपालिका १ का ४७ वर्षीय छबिलाल घर्ती, युवा संगठन नेपाल रुकुमको उपाध्यक्ष रहेका आठबिसकोट नगरपालिका वडा नं. ११ का २२ वर्षीय विवेक बिक र जिल्ला समिति सदस्य सानिभेरी गाउँपालिका ३ गरायलाका ३१ वर्षीय दीर्घराज गहतराज छन् ।

नहर ध्वस्त, ठेकेदार अझै मस्त

रामपुर फाँट सिँचाइ आयोजनाको नवनिर्मित नहर भत्किएपछि कोकोहोलो मच्चिएको छ । प्रदेश ५ अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयको बजेटमा उपभोक्ता समितिका पदाधिकारीले पेटी ठेक्का लिएका थिए । आयोजनाको आरसिसी वाल भत्किएको छ । छडको जाली बुनेर सिमेन्टले जोडेको पक्की वाल भत्किँदा समुदाय आश्चर्यचकित बनेका हुन् । मिलेमतोमै अनियमितता भएको सरोकारवालाको भनाइ छ । जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय पाल्पाका प्रमुख श्रीधर भट्टराईले नहरको विभिन्न सात ठाउँमा २ सय ७७ मिटर भत्किएको बताए । नहरको दायाँबायाँका पर्खालबाहिर माटो फिलिङ नगरी असार मसान्तका बेला हतारहतार काम गरेको देखाउने प्रवृत्तिले योजना तहसनहस बनेको भट्टराईले जानकारी दिए । *- नमस्कार शाह*

YUNNAN DAILY PRESS GROUP
云南日报报业集团
Issue No. 17

CHINA · YUNNAN

YUNNANEXPRESS
english.yunnan.cn

JANA AASTHA NATIONAL WEEKLY
वर्ष २५, अंक २०, २०७६ साल साउन १५ गते बुधवार
YEAR 25, ISSUE 20, JULY 31, 2019

चीनको अर्धवार्षिक आर्थिक प्रतिवेदन

आर्थिक वृद्धिदर ६.३%

चीनको राष्ट्रिय गणना विभागले १५ जुलाईमा घोषणा गरेको छ, प्रारम्भिक गणनाअनुसार, यो वर्षको पूर्वार्द्धमा चीनको सकल घरेलु उत्पादन (जीडीपी) ४५० खरब ९३ अरब ३० करोड चिनियाँ युआन पुगेको छ । तुलनात्मक मूल्यको हिसाबले गत वर्षको यही अवधिको तुलनामा ६.३% बढेको छ । राष्टिय गणना विभागका प्रवक्ता माओ शङयोङले भने, 'समग्रमा यस वर्षको पूर्वार्द्धमा चीनको अर्थव्यवस्था उचित दायराभित्र संचालित भएको छ । स्थिर वृद्धि र प्रगतिशील विकास जारी भइरहेछ ।'

तथ्यांक १

जीडीपी : वर्षेनी वृद्धिदर ६.३%

यस वर्षको पूर्वार्द्धमा चिनियाँ जीडीपी गत सालको सोही अवधिको तुलनामा ६.३% बढेको छ । रोजगारी, मूल्य र अन्य संकेतकहरूका दृष्टिले चीनको अर्थव्यवस्था उचित दायरामा स्थिरसँग चल्ती छ । विश्वका प्रमुख अर्थतन्त्रमा पनि उत्तम छ ।

तथ्यांक २

लगानी : वर्षेनी वृद्धिदर ५.८%

यस वर्षको पूर्वार्द्धमा राष्ट्रिय स्थायी पुँजी लगानी वर्षेनी ५.८% बढेको छ । रिड अनुपातको दृष्टिले जुन महिनामा मई महिनाभन्दा स्थायी पुँजी लगानी ०.४४% बढ्यो र स्थिर रूपमा बढ्दै जान्छ । उच्च प्रविधि निर्माण लगानी वर्षेनी १०.४% बढ्यो, र कुल लगानी वृद्धिदरको तुलनामा ४.६%ले वृद्धि भयो । उच्च प्रविधि सेवा उद्योगको लगानी १३.५% बढ्यो र कुल लगानी वृद्धिदरभन्दा ७.७ प्रतिशत बिन्दुले छिटो भयो ।

तथ्यांक ३

उपभोग : उपभोक्ता वस्तुहरूको कुल खुद्रा बिक्री लगभग २०० खरब युआन

२०१९ को पूर्वार्द्धमा, उपभोक्ता वस्तुहरूको कुल खुद्रा बिक्री १९५ खरब २१ अरब युआन पुग्यो । र वर्षेनी ८.४% वृद्धि भयो । सबै देशवासीहरूको अन्तिम खपत व्यहोरामा सेवा खपत ४९.४% ओगटेको छ, र गत वर्षको समान अवधिको तुलनामा ०.६% बढ्यो । चीनको अनलाइन खुद्रा बिक्री ४८ खरब १६ अरब १० करोड युआन पुगेको छ र वर्षमा १७.८% वृद्धि भयो ।

तथ्यांक ४

विदेशी व्यापार : कुल आयात र निर्यात मात्रा ३.९% वृद्धि

चीन-अमेरिका व्यापार विवादको सम्दर्भमा, यस वर्षको पूर्वार्द्धमा चीनको आयात र निर्यातको कुल रकम १४६ खरब ७० अरब युआन पुगेको छ । गत वर्षको त्यही अवधिको तुलनामा ३.९% वृद्धि भएको छ । तीमध्ये निर्यात ७९ खरब ५० अरब युआन वृद्धि भयो भने आयात ६७ खरब २० अरब युआन वृद्धि भयो । निर्यात र आयात वृद्धिदर ६.१% र १.४% छ ।

तथ्यांक ५

विदेशी लगानी : २० हजारभन्दा बढी विदेशी लगानी उद्यमहरू नवस्थापित

चीनको वाणिज्य मन्त्रालयको तथ्याङ्कअनुसार यस वर्षको जनवरीदेखि जुन सम्म चीनमा २०,१३१ विदेशी लगानी उद्यमहरू स्थापित भएका छन् । र विदेशी पुँजीको वास्तविक प्रयोग ४७८ अरब ३३ करोड युआन छ । गत वर्षको सोही अवधिको तुलनामा ७.२% वृद्धि भयो । कुनै 'विदेशी लगानी चीनबाट छोडेको' स्थिति त छैन ।

तथ्यांक ६

राजस्व : वर्षेनी नामांकित वृद्धिदर ८.८%

यस वर्षको पूर्वार्द्धमा, चीनको प्रतिव्यक्ति डिस्पोजेबल आय १५,२९४ युआन थियो, मूल्य कारक कटौती गरेपछि वास्तविक वृद्धिदर ६.५% थियो र आर्थिक वृद्धिदरभन्दा ०.२% बढ्यो । शहरी र ग्रामीण प्रतिव्यक्ति डिस्पोजेबल आयको अनुपात २.७४ थियो, र ग्रामीण प्रतिव्यक्ति डिस्पोजेबल आय शहरी क्षेत्रमा भन्दा बढी दरले बढ्यो ।

तथ्यांक ७

रोजगार : ७३.७ लाख नयाँ जागिरहरू थपिए

यस वर्षको पूर्वार्द्धमा चीनभरका शहरमा ७३.७ लाख नयाँ जागिरहरू थपिएका छन् । र वार्षिक लक्ष्यको ६७% पूरा भएको छ । जुनमा राष्ट्रिय शहरी सर्वेक्षण बेरोजगारी दर ५.१% थियो । जसमा २५ देखि ५९ वर्षको उमेरसम्म बेरोजगारी दर ४.६% थियो । चीनको अन्तर्राष्ट्रिय व्यापार र अर्थशास्त्र विश्वविद्यालयको सार्वजनिक प्रशासन कालेजका प्रोफेसर ली चाङआनले भने, सेवा उद्योगको राम्रो विकासले रोजगारी बढाउन महत्त्वपूर्ण भूमिका खेलेको छ । पूर्वार्द्ध सालमा चीनको सेवा उद्योगले विकासको राम्रो गतिलाई निरन्तरता दिएको छ । सूचनाको प्रचार, सफ्टवेयर र सूचना प्रविधि सेवाहरू गत वर्षको सोही अवधिको तुलनामा २०.६% बढेको छ । जबकि, चीनको सेवा उद्योग उत्पादन सूचकाङ्क ७.३% बढ्यो ।

तथ्यांक ८

मूल्य : सीपीआई वर्षेनी २.२% वृद्धि

यस वर्षको पूर्वार्द्धमा चीनका उपभोक्ता मूल्य वर्षेनी २.२% बढेको छ । र उपभोक्ता मूल्य नरम रूपमा बढ्दै जान्छ । चीन कम्युनिकेशन बैंकको वित्तीय अनुसन्धान केन्द्रका एक वरिष्ठ शोधकर्ता ल्यू श्वेचीले भने, सीपीआई बढाउने कारकहरू कमजोर छन् । यस वर्षको उत्तरार्द्धमा सीपीआईको सीमित वृद्धि हुनेछ र कुनै स्पष्ट मुद्रास्फीतिको दबाव छैन ।

तथ्याङ्क ९

विनिर्माण : उच्च प्रविधि निर्माणको थप मूल्य वर्षेनी वृद्धिदर ९.०%

यस वर्षको पूर्वार्द्धमा, उच्च प्रविधि निर्माणको थप मूल्य वर्षेनी ९.०% बढेको छ र स्केलभन्दा माथिका उद्योगको वृद्धिदर भन्दा ३.०% बढेको छ । नव ऊर्जा गाडी र सोलार ब्याटेरी उत्पादन क्रमश: ३४.६% र २०.१% बढ्यो । चीनको उच्च प्रविधि विनिर्माण उद्योगमा निवेश वर्षेनी १०.४% बढ्यो र प्रविधि सेवा उद्योगमा निवेश १३.५% बढ्यो । 'यसबाट के थाहा छ भने मध्य र उच्च निर्माण उद्योग र उपभोक्ता वस्तुका विनिर्माण उद्योगहरूले चीनको आर्थिक वृद्धिमा ठूलो प्रभाव दिँदै आएको छ ।' राष्ट्रिय गणना विभागको सेवा उद्योग अनुसन्धान केन्द्रका वरिष्ठ गणितकर्ता चाउ छिनहले भने ।

थप पढ्ने सामग्री

चीनमा आर्थिक रूपान्तरण र अपग्रेडको प्रभाव

यस वर्षको पूर्वार्द्धमा चीनको ६.३% आर्थिक वृद्धिदर विश्वका मुख्य अर्थतन्त्रमा अग्रणी स्थानमा आयो । अन्तर्वार्ता लिएका अर्थशास्त्रीहरूले यस्तै मान्छन् कि चीनको शहरी रोजगारी अपेक्षाकृत स्थिर छ, मूल्य पनि नरम गतिले बढ्दै जान्छ र देशवासीको आय पनि अलि छिटो बढ्छ । प्रति १०००० युआन जीडीपीको ऊर्जा खपत वर्षेनी २.७% घटेको छ । वातावरणीय स्थिति पनि सुधिँदैछ, यसैले ६.३% को वृद्धिदर गुणस्तर भएको वृद्धि र निरन्तर विकास हो ।

चिनियाँ आईसीबीसी इन्टरनेशलका प्रमुख अर्थशास्त्री चेङशीले भने, दोस्रो क्वार्टरमा व्यापारिक विवाद जस्ता चुनौतीहरूको सामना गर्नुपरे तापनि आर्थिक वृद्धिदर लक्षित सीमा ६%-६.५% भित्र परेको छ, जुन सरकारी कार्य रिपोर्टमा उल्लेखित छ । औद्योगिक ढाँचाको अपग्रेड पनि जारी छ । यसका साथै, जुन महिनामा स्केलभन्दा माथिका औद्योगिक थप मूल्य र खपतको वृद्धिदर बजारको अपेक्षाभन्दा उच्च थियो, यसले के संकेत गर्छ भने चीनको आर्थिक वृद्धि अझै पनि लचिलो छ । 'चिनियाँ अर्थतन्त्र परीक्षाको सामना गर्न सफल भयो ।' चीन अन्तर्राष्ट्रिय आर्थिक विनिमय केन्द्रका एकाडेमिक समितिका सदस्य वाङजुनको विचारमा, चीनको आर्थिक वृद्धिदर अपेक्षित दायराभित्र रहेको छ । मुद्रस्फीति र अपस्फीतिको जोखिम प्रस्ट छैन र प्रणालीगत जोखिमहरू पनि तोडेको छैन र तोड्ने छैन । यो पूर्वार्द्ध सालमा चीनको आर्थिक विकासको महत्त्वपूर्ण हाइलाइट हो । यस वर्षमा चीनको लक्ष्य आर्थिक वृद्धिदर ६.०%-६.५% बीचमा रहने हो । पूर्वार्द्धमा ६.३% को वृद्धिदर वार्षिक लक्ष्य प्राप्त गर्न राम्रो आधार बनाएको छ ।

(यस पत्रिकाबाट संश्लेषित)

फोकस

आवाज

सी चिनफिङ : विश्व आर्थिक विकासको नयाँ शक्ति

हामीले विश्व आर्थिक वृद्धिको लागि नयाँ शक्ति खोज्नुपर्छ । यो शक्ति पहिले नै नवचारबाट आउँछ । अनुसन्धानले के देखाउँछ भने संसारका ९५% उद्योग र वाणिज्य कम्पनी इन्टरनेटसँग गहिरो सम्बन्धित छ । विश्व अर्थतन्त्र डिजिटलमा परिवर्तन हुँदैछ । हामीले डिजिटल अर्थव्यवस्था र नयाँ औद्योगिक क्रान्तिको क्षेत्रमा सहकार्य बलियो बनाउनुपर्छ । नयाँ प्रविधि, नयाँ उद्योग, नयाँ मोडेल र नयाँ उत्पादनहरू सिर्जना गर्नैपर्छ । यो प्रेरक शक्ति पनि विकासका मुद्दाहरू राम्रो सामाधानबाट आउँछ र स्थायी विकासका लागि २०३० सालको एजेन्डाको कार्यान्वयन गर्नबाट आउँछ । यसले विकासशील देशहरूलाई लाभ पुऱ्याउँछ र विकसित देशहरूलाई बजार र लगानीको अवसर पनि ल्याउँछ । सबैजना विजेता हुन् ।

(जर्मनीको हैम्बर्गमा जी २० सम्मेलन २०१७ मा विश्व आर्थिक परिस्थितिबारे सी चिनफिङको भाषण)

सी चिनफिङको विश्व शासन अवधारणा

चीनले संयुक्त रूपमा परामर्श, निर्माण र साझेदारी गर्ने विश्व शासन अवधारणालाई पालन गर्दछ र अन्तर्राष्ट्रिय सम्बन्धको लोकतान्त्रिकीकरणलाई समर्थन गर्दछ । देश ठूलो होस् वा सानो, गरिब होस् वा धनी, शक्तिशाली होस् वा कमजोर, सबैले समान हुनुपर्छ । संयुक्त राष्ट्र संघलाई सक्रिय भूमिका खेल्न समर्थन गर्दछ र अन्तर्राष्ट्रिय मामलामा विकासशील देशहरूको प्रतिनिधित्व र आवाजको विस्तारलाई समर्थन गर्दछ । चीनले एक जिम्मेवार ठूलो देशको हैसियतले आफ्नो भूमिका खेल्न जारी रहनेछ, सक्रिय रूपमा विश्व शासन प्रणालीको सुधार र निर्माणमा भाग लिन्छ र लगातार चीनको बुद्धि र शक्ति योगदान गर्दछ ।

(अक्टोबर, १८, २०१७ मा चीनको कम्पुनिस्ट पार्टीको १९औं राष्ट्रिय महाधिवेशनमा सी चिनफिङको रिपोर्टबाट छानिएको)

विश्वको विरासत

लिआङचु प्राचीन शहर अवशेष क्षेत्र र पहेँलो (वो) समुद्र मौसमी पन्छी बासस्थान (पहिलो चरण) विश्वको विरासत सूचीमा समावेश गर्न अनुमोदन गरिएको थियो ।

चीनको विश्व विरासत स्थल संसारकै पहिलो स्थानमा छ

हालै बेक्वा, अजरबैजानमा आयोजित ४३ औं विश्व विरासत सम्मेलनमा चीनको लिआङचु प्राचीन शहर अवशेष क्षेत्र र पहेँलो (वो) समुद्र मौसमी पन्छी बासस्थान (पहिलो चरण) विश्व विरासत सूचीमा समावेश गर्न अनुमोदन गरिएको थियो । अहिलेसम्म चीनमा विश्व विरासत साइटहरूको कुल संख्या ५५ पुगेको छ र संसारमा पहिलो स्थानमा छ ।

लिआङचु प्राचीन शहर साइट हाङचौ, चजियाङ प्रान्तमा स्थित छ । यस विरासत घोषणा दायरामा १४.३ वर्ग किलोमिटर विरासत क्षेत्र र ९९.८ वर्ग किलोमिटर बफर क्षेत्र समावेश छन् । विरासतका तत्त्वहरू इसापूर्व ३३००-२३०० वर्षको पुरानो शहरको अवशेष, बाहिरी क्षेत्रका जटिल कार्यहरू भएको जल प्रोजेक्ट र तत्कालीन वर्गीकृत चिहानहरू (पूजा स्थल सहित) समावेश छन् । विश्व विरासत समितिले के विश्वास गर्दछ भने लिआङचु प्राचीन शहर ५००० वर्षअघि चीनको प्रागेतिहासिक चामल संस्कृतिको प्रतिनिधित्व गर्छ र शहरी सभ्यताको उत्कृष्ट प्रतिनिधि पनि हो । यस साइटले नवपाषण कालमा चीनको याङ्सी नदीको तल्लो क्षेत्रमा चामल संस्कृतिको विकासको स्तर दर्शाएकोले विश्व सम्पदाको प्रमाणिकता र पूर्णताको माग पूरा गरेको छ । पहेँलो (वो) समुद्र मौसमी पन्छी बासस्थान(पहिलो चरण) यानचेङ सिटी, जियाङसु प्रान्तमा स्थित छ र मुख्य रूपले समुद्री किनारको लहर क्षेत्र र अन्य समुद्र तटीय क्षेत्र समावेश छन् । यो विरासत क्षेत्र पूर्वी एशियाई-अष्ट्रेलियन मौसमी पक्षीहरूको प्रवासी मार्गमा एक प्रमुख स्थल हो र संसारभर लाखौं मौसमी पक्षीहरूको विश्रामस्थल, प्वाँख फेर्ने र जाडो बिताउने स्थल हो । *(सिन्हवा एजेन्सी)*

७० वर्षको प्रशंसा

सम्पादकको टिप्पणी : २०१९ साल चीन जनवादी गणतन्त्रको स्थापनाको ७०औं वार्षिकोत्सव हो । गत ७० वर्षमा चीनले कमजोर र गरिब देशबाट संसारमा दोस्रो ठूलो अर्थतन्त्र बनेको छ । यस अङ्कमा हामी फेरि '७० वर्षको प्रशंसा' स्तम्भ जारी गरेर तपाईंलाई ७० वर्षदेखि नयाँ चीनमा भएका उथलपुथल परिवर्तन देखाउनेछौं ।

कुनमिङ छाङश्वी अन्तर्राष्ट्रिय हवाई मार्गको वृद्धि जारी

हाल कुनमिङ छाङस्वी अन्तर्राष्ट्रिय हवाईमार्गको वृद्धि जारी छ । २०१८ सम्म यस हवाईअड्डाले ३४८ हवाईमार्ग खोलेको छ, जसमा २७० घरेलू मार्ग, ७४ अन्तर्राष्ट्रिय मार्ग र ४ क्षेत्रीय मार्ग छन् । अन्तर्राष्ट्रिय हवाईमार्गहरूले दक्षिण एशियाका ५ देशहरू, एशियानका १० देशहरू र दक्षिण एवं दक्षिण-पूर्व एशियाका ३५ सहरहरू जोडेका छन् । यो चीनमा दक्षिण एसिया र दक्षिण-पूर्व एशिया जोड्ने सबैभन्दा बढी हवाईमार्गको विमानस्थल हो । वर्तमानमा विमानस्थलको टी २ टर्मिनल भवनको विस्तार गरिँदैछ । २०२० सम्म वार्षिक यात्रीहरूको प्रवाह क्षमता ६ करोड ७० लाख पुग्ने अनुमान छ ।

विशेष चामल डाइकिङको नयाँ व्यापारिक कार्ड बन्ने

युन्नान डाइकिङ तिब्बत स्वायत्त प्रदेशको वेक्सी यी स्वायत्त जिल्लामा २७०० मिटरको औसत उचाइ भएको हरियो पादरी क्षेत्र स्थानीय पुमी मान्छेद्वारा बनाइएको चमत्कार हो । धेरै पुस्ताले कुलो खनेर आबादी बनाई उनीहरूले उच्च उँचाइ चामलको उत्पादन क्षेत्र खोले । वर्षौंदेखि स्थानीय किसानले हजार वर्षभन्दा बढी इतिहास भएको चामल 'पुराना कालो घाटी' रोपेका छन् । उत्कृष्ट प्राकृतिक अवस्थाले यिनै चामलका दाना अझै पूरा, गोलो, रातो र पोषक तुल्याएको छ र एक सुन्दर हरियो व्यापारिक कार्ड बनाएको छ ।

'बेल्ट एण्ड रोड'

'बेल्ट एण्ड रोड' ले विकासको नयाँ अवसर ल्याउँछ

मेरो नाम महेन्द्र सुवेदी हो, नेपालको राष्ट्रिय समाचार समितिको वरिष्ठ एसोसिएट सम्पादक हुँ । मलाई विश्वास छ कि 'बेल्ट एण्ड रोड' पहलको कभरेज व्यापक छ र यसले सहभागी देशहरूलाई गहन सहयोग र समन्वित विकासलाई मद्दत गर्नेछ । मेरो विचारमा, आर्थिक एकीकरणको विकास र पूर्वाधार निर्माणको सुदृढीकरणबाट 'बेल्ट एण्ड रोड' पहलले हामीलाई मानव जातिको सुन्दर भविष्य सिर्जना गर्ने लक्ष्य नजिक ल्याएको छ । मेरो देश नेपालले २०१७ मा चीनसँग 'बेल्ट एण्ड रोड' सहयोगको समझदारी पत्रमा हस्ताक्षर गरी औपचारिक रूपमा 'बेल्ड एण्ड रोड'को पहलमा सामेल गरे । म विश्वास गर्दछु कि 'बेल्ट एण्ड रोड' पहल धेरै दूरदर्शित छ र सबै पक्षलाई पारस्परिक र लाभकारी सहयोग तथा साझेदारी सम्बन्धको लागि अवसर प्रदान गर्नेछ ।

रेलमार्ग परियोजना नेपालले 'बेल्ट एन्ड रोड' निर्माणमा सहभागिता गर्ने सबैभन्दा महत्त्वपूर्ण अङ्ग हो । हामी नेपाल-चीन रेलवे परियोजना र हिमालय पार अन्तर्क्रिया परियोजनाको प्रगतिबारे धेरै चिन्तित छौं । पूर्वाधारको सन्दर्भमा, नेपालमा चीनको लगानी दिशा पनि जलविद्युत् परियोजना, पर्यटन, अकादमिक संस्थान, अस्पताल र टेलिकम्युनिकेशनतिर परिणत हुँदैछ । यसबाहेक, बढ्दो चिनियाँ पर्यटकहरूको आगमनले नेपालीहरूको आय पनि बढेको छ र रोजगारको अवसर सिर्जना गरेको छ । वर्तमानमा, नेपाल र चीनले 'बेल्ट एण्ड रोड' सहयोग सम्झौता गरेपछि दुई देशले बहुसंख्यक सांस्कृतिक विनिमय गतिविधि सञ्चालित गरेका छन् । चिनियाँ संस्कृति केन्द्र नेपालमा स्थापित भएको थियो र धेरै सांस्कृतिक प्रतिनिधिमण्डलले आपसमा भेटघाट गरे । बढीभन्दा बढी नेपालीहरूले चिनियाँ भाषा सिक्न थाले ।

'बेल्ट एण्ड रोड' पहलले सहयोग र विकासका लागि थप अवसर ल्याउन हामी अपेक्षित छौं ।

(पिपुल्स नेटवर्कबाट सम्पादित, लेखक नेपाल राष्ट्रिय समाचार समितिको वरिष्ठ सहसम्पादक हुन्, र हाल २०१९ चीन-एशिया प्रशान्त प्रेस सेन्टर (सीएपीपीसी) को प्रोजेक्टमा भाग लिइरहेका छन् ।)

नेपाली दम्पत्तीले कुनमिङमा विवाहको स्वर्णजयन्ती मनायो

परम्परागत चिनियाँ रातो, उत्साहित नेपाली संगीत.... हालै एक विशेष उत्सव कुनमिङमा आयोजित गरियो । नेपाली दुगड समूह र सनराइज बैंकका अध्यक्ष मोतीलाल दुगडले कुनमिङमा विवाहको ५०औं वार्षिकोत्सव मनाए । विवेक अर्थात् मोतीलालका छोरा, यस महोत्सवको मुख्य योजनाकार हुन् । युन्नानको सुन्दर दृश्यहरू, दक्षिण एसिया देशसँगको सुविधाजनक परिवहन र विभिन्न प्रकारका सागसब्जीहरू उनीहरूले यहाँ समारोह गर्न छनौट गरिएका कारणहरू हुन् । 'तपाईंहरू आउनुभएकोमा धन्यवाद ! यो सुन्दर शहर कुनमिङलाई धन्यवाद !' समारोहमा विवेकले उत्सापूर्वक भने ।

तस्बिर कथा

युन्नानमा आयोजित यस उत्सवले दुगड परिवारलाई नयाँ जानकारी दिएको छ । विवेकले भने, मेरा पिताजी १९५० दशकदेखि चीनसँग काम गर्न थालेका थिए । युन्नान चीनको सबैभन्दा प्रचुर जलस्रोत क्षमता भएका प्रान्तहरूमध्ये एक हो, आगामी दिनमा युन्नानसँग यस सम्बन्धमा सहयोग गर्ने मेरो आशा छ । हालसाल युन्नानले विश्वमा पहिलो श्रेणीको 'स्वस्थ जीवनको गन्तव्य' बनाउने मौका लिएर अन्तर्राष्ट्रिय विवाह पर्यटनको गन्तव्य निर्माण गरिरहेको छ । *(ल्यू जियु)*

नेपालीबाट चिनियाँमा अनुवाद : ह ठाव रूङ

जन्मजात हृदय रोग लागेका ६ जना कम्बोडियन बच्चाहरुको युन्नानमा नि:शुल्क उपचार गरिँदै



१६ जुलाई, ६ वर्षीया सिडनी सोम र अन्य पाँच जना जन्मजात हृदय रोग लागेका कम्बोडियन बच्चाहरू आफ्ना आमाबाबुका साथ कम्बोडियाबाट युन्नानको कुनमिङमा आए । यसपछिका केही दिनभित्र उनीहरू युन्नान फुवाई हृदय रोग अस्पतालमा नि:शुल्क सर्जिकल उपचार गर्न पाउनेछन् ।

अस्पतालका विशेषज्ञ वाङ छ्याङले भने, 'अस्पतालले बच्चाहरूका लागि हरित च्यानल खोलिदिनेछ र विभिन्न निरीक्षणहरू गर्नेछ, त्यसपछि व्यापक आंकलन गरी ठोस सर्जिकल योजनाहरू बनाउनेछ ।'

रियोर्टरका जानकारी अनुसार, ५ जुलाई, २०१९ मा युन्नान प्रान्तीय फुवाई हृदय रोग अस्पतालले एक स्क्यानिङ टीम कम्बोडियामा पठाए, जसमा ७ जना चिकित्सकहरू र ५ जना स्वयंसेवकहरू थिए । उनीहरूले स्यानली र अन्य ठाउँहरूमा जन्मजात हृदय रोग लागेका बच्चाहरूको स्क्यानिङ गरे । १२ दिनमा उनीहरूले जम्मै ५ प्रान्त ४३ स्कूलहरूका २० हजार १ सय ६६ विद्यार्थीहरूलाई जाँच गरेका थिए । र अन्तमा ३५ बच्चाहरू निदान गरे । सिडनी सोम पनि तिनीहरूमध्ये एक

असल छिमेकी

हो । आगामी दिनमा अरू बच्चाहरूको समूह पनि उपचारका लागि कुनमिङमा आउनेछन् । '२०१८ सालदेखि, चीन र कम्बोडियन सरकारले संयुक्त रूपमा 'मायाको यात्रा' परियोजना संचालन गरे । १४ वर्षभन्दा कम उमेरका कम्बोडियन बालबालिकाहरूलाई हृदय रोगको स्क्यानिङ गर्ने योजना बनाए ।' युन्नान प्रान्तीय फुवाई हृदय रोग अस्पतालका सम्बद्ध जिम्मेवार व्यक्तिले भने, प्रोजेक्ट कार्यान्वयन निकायको रूपमा रहेको अस्पतालले धेरै पटक मेडिकल विशेषज्ञ टोली कम्बोडियामा काम गर्न पठाएको छ । यस पटकका यी बच्चाहरूलाई अस्तपालले राम्रो उपचार प्रदान गर्ने मात्र होइन, उनीहरूको जीवनमा पनि राम्रो हेरविचार गर्नेछ । अस्पतालको सामाजिक कार्य विभागले उनीहरूसँगसँगै जाँच र उपचार गर्नेछन् र अस्पतालबाट नछुटिएसम्म उनीहरूको जीवनको समस्या समाधान गर्नेछन् ।

(चेन सिनलुङ फेङसी)